# Nabil SSE तथा त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गत स्कूल अफ म्यानेजमेन्टले

# Nabil SSE Fellowship Program 2022 Second Cohort

# को लागि आवेदन आह्वान गरिएको सम्बन्धमा

Nabil SSE Fellowship Program को पहिलो Cohort को सफलता पूर्वक सञ्चालन संगै सामाजिक उद्यमशिलता प्रबर्धनको निम्ति यस कार्यक्रमको आवश्यकताको थप महसुस भएको छ। यसै सिलसिलामा यस Fellowship Program ले आफ्नो दोस्रो Cohort को लागी कृषि, पर्यटन, उर्जा, वातावरण संरक्षण, सूचना प्रविधि लगायत समाजमा सकारात्मक परिवर्तन ल्याई दिगो विकाशको लक्ष्य हासिल गर्न नविनतम सोच भएका व्यक्तिहरुबाट आवेदन आव्हान गर्दछ।

यदि तपाईंसँग भएको सोचले समाजमा सकारात्मक प्रभाव ल्याउन सक्छ भन्नेमा विश्वस्त हुनुहुन्छ र साथै आफ्नो सोचलाई सामाजिक उद्यममा परिणत गर्न इच्छुक हुनुहुन्छ भने Nabil SSE को Fellowship Program 2022 को दोस्रो Cohort मा सहभागी भई आफ्नो सोचलाई लगानी योग्य उद्यममा परिणत गर्न अग्रसर हुनुहोस्।

यदि तपाईं तल उल्लिखित न्युनतम मापदण्ड भित्र पर्नुहुन्छ भने तपाईं यस Fellowship Program मा आवेदन पेश गर्न सक्नुहुनेछ।

| | |
|---|---|
| **उमेर समूह** | आवेदक १८ देखि ५० वर्ष उमेर समूह भित्रको नेपाली नागरिक हुनुपर्नेछ। |
| **त्रिविसंगको सम्वद्धता** | आवेदकले आफ्नो त्रिवि दर्ता नं./वा त्रिविको कुनै पनि संकायमा सम्वद्धता भएको प्रमाणित हुने कागजपत्र पेश गरी आवेदन दिनुपर्नेछ। |
| **प्रशिक्षणको माध्यम (भाषा)** | प्रशिक्षणको भाषा अंग्रेजी र नेपाली दुवै भाषा हुनेछ। आवेदकसंग कामको सम्बन्धमा अंग्रेजी र नेपाली दुवै भाषाको जानकारी हुनुपर्नेछ। यद्यपि, भाषा कुनै रोकावट हुनेछैन। |
| **न्युनतम उपस्थिति** | प्रशिक्षार्थीले Fellowship Program को ६ महिना अवधिभर प्रत्येक महिना न्युनतम ३ देखि ४ दिन उपस्थिति हुने प्रतिबद्धता जनाउनु पर्नेछ। साथै, प्रशिक्षण सम्पन्न गर्न न्युनतम ९०% हाजिरी अनिवार्य हुनुपर्नेछ। |
| **यातायात तथा आवास खर्च** | प्रशिक्षार्थीले Fellowship Program मा भाग लिन आउँदा लाग्ने सम्पूर्ण यातायात खर्च आवेदक स्वंयले व्यहोर्नु पर्नेछ। Fellowship Program मा सहभागी हुने प्रशिक्षार्थीलाई बस्ने र खाने सुविधा उपलब्ध गराइनेछ। |
| **सामाजिक मुद्दा/ समस्याको पहिचान** | आवेदकले आफूले समाधान गर्न चाहेको सामाजिक समस्या र चुनौतीको निश्चित रुपमा पहिचान गरेको हुनुपर्नेछ। आवेदकसँग उक्त पहिचान गरिएको समस्या समाधान गर्नुपर्ने खाका समेत हुनुपर्नेछ। |

Fellowship Program **को आवेदन फारमलाई** QR code Scan **गर्नसक्नु हुन्छ।**

**अथवा नबिल बैंकको वेबसाइटमा पनि उपलब्ध छ** www.nabilbank.com

**आवेदन पठाउने अन्तिम मिति: २०७९ भाद्र ०४ गतेको २३:५९ बजे सम्म।**

यदि तपाईंको आवेदन समिक्षा चरणमा योग्य ठहरिएमा तपाईंलाई अन्तरवार्ताका लागि बोलाइने छ, जहाँ तपाईंले अन्तरवार्ता समिति समक्ष आफ्नो विचार र समाधानका उपाय राख्नुपर्नेछ। अन्तरवार्ताबाट छनौट भएका आवेदकहरुलाई Fellowship Program मा प्रशिक्षणको लागि बोलाइनेछ।

NABIL BANK®

प्रधान कार्यालय,दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१, इमेल: info@nabilbank.com